नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५

पत्र संख्या: ०७६।७७
च.नं.: २०२६

मिति :२०७७।०२।३२

## जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुद्वारा जारी गरिएको सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकार,मन्त्रिपरिषद्को मिति २०७७।०२।२८ को बैठकको निर्णय र गृह मन्त्रालयको च.नं. ४१५२ मिति २०७७/०२/२९ गतेको पत्रानुसार मिति २०७७।०३।०१ गतेबाट लागु हुने गरी देहाय बमोजिम सेवा प्रवाह सूचारु हुने/नहुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१.देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्ने:**

(क) शैक्षिक संस्थाहरु(विद्यालय, कलेज,ट्युसन सेन्टर, तालिम केन्द्र),
(ख) अनुमति प्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरु,
(ग) तोकिएबाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,
(घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
(ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
(च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, लगायतका मनोरञ्जन स्थल,
(छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय,चिडियाखाना,
(ज) स्पा, शैलुन तथा ब्यूटी पार्लर,
(झ) स्विमिङ पुल, जिमखाना, हेल्थ क्लब,
(ञ)सपिङ मल,
(ट)समूहमा खेलिने खेलकुद र खलमैदानमा हुने प्रस्तुति,
(ठ)सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
(ड) यात्रुबाहक सार्वजनिक सवारी साधन । (पर्यटक सवारी साधन समेत),
(ढ)काठमाण्डौं उपत्यकाको हकमा काठमाण्डौं उपत्यका भित्र र अन्य जिल्लाको हकमा, सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन ,

**२.दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरु संचालन गर्ने** :–

(क) स्वास्थ्य संग सम्बन्धित सबै सेवा(निजी क्लिनिक समेत)
(ख) सबै प्रकारका कृषि र पशुपंक्षी व्यवसाय(उत्पादन देखि विक्रि वितरण सम्मका सबै श्रृङ्खला)
(ग) उद्योग, व्यपार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर
(घ) सबै प्रकारका ढुवानी
(ङ) पैदल आवागमन
(च) साइकल र मोटरसाइकल(चालक मात्र रहने गरी)
(छ) काठमाण्डौं उपत्यकाको हकमा काठमाण्डौं उपत्यका भित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर विजोर प्रणालीमा संचालन हुने गरी निजी सवारी साधन(चालक बाहेक थप २ जनासम्म मात्र सवार हुने),
(ज) फोहोरमैला व्यवस्थापन,
(झ) विद्युत, [illegible], खानेपानी, संचार तथा प्रसारण, हुलाक सम्बन्धि सेवा

(ञ) बैंक तथा वित्तीय संस्था, सहकारी र बिमा सेवा,

(ट) नर्सरी र वनजन्य उद्यम

(ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धित समेत)

(ड) निर्माण कार्य (निजी समेत)

(ढ) नदि तथा खानीजन्य पदार्थ उत्खनन, संकलन, ढुवानी र विक्रि वितरण

(ण) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा

(त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन

(थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा संचालन गर्ने)

(द)सार्वजनिक तथा जोरविजोर प्रणालीमा संचालन हुने गरी निजी सेवा प्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको १ लहरमा १ जना यात्रु मात्र राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

२०७७।०२।३२

दीर्घ नारायण पौडेल
प्रमुख जिल्ला अधिकारी